# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५८३ मिति :- २०६९/५/६

नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सबै कार्यालयहरू तथा इजाजतपत्रप्राप्त "क" "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्था र मनिचेन्जरहरू ।

**विषय :- इ.प्रा. परिपत्र संख्याः ५५६ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

नेपाल भारत बीच हुने व्यापारिक तथा भारतीय रूपैयाँ खरीद/बिक्री कारोवार सम्बन्धमा मिति २०६७/१२/७ मा जारी इ.प्रा परिपत्र संख्याः ५५६ को दफा १ को खण्ड (ठ) लाई देहाय बमोजिम हुने गरी संशोधन गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

(ठ) नेपालमा विधिवत दर्ता भै कारोवार गर्न स्वीकृति प्राप्त गरेका नेपाली तथा विदेशी संघ/संस्था/कम्पनी आदिले भारतस्थित संघ/संस्था/कम्पनीसंग विविध सेवा सुविधा लिने सम्झौता/सहमति बमोजिम भुक्तानी गर्नु पर्ने रकमको लागि सम्बन्धित नियमक निकायबाट सम्झौता/सहमति स्वीकृत वा सटही सिफारिश भएको आधारमा नियमानुसार लाग्ने अग्रिम करहरु दाखिला गर्नु पर्ने जिम्मेवारी सम्वन्धित पक्षले नै लिनु पर्ने शर्तमा सटही रकम पुष्टि हुने कागजातहरुको प्रतिलिपि लिई वाणिज्य बैंकहरुबाट भारतीय रुपैया ३० लाख सम्मको सटही सुविधा प्रदान गर्न सकिनेछ । नियमक निकाय नभएको र नियमक निकायबाट सम्झौता स्वीकृत वा सिफारिश हुन नसकेको अवस्थामा सोभन्दा कम रकममा समेत (तल खण्ड (ड) को अवस्था बाहेक) यस बिभागको स्वीकृतिको आधारमा मात्र सटही सुविधा प्रदान गर्नुपर्नेछ ।

भवदीय,

(लिलाप्रकाश सिटौला)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री विकास बैंक सुपरिवेक्षण विभाग ।
७. श्री वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
८. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
९. श्री सूचना प्रविधि विभाग ।
१०. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाडौ ।
११. श्री डेभलपमेण्ट बैंकर्स एशोसियसन, अनामनगर, काठमाडौ ।
१२. श्री नेपाल उद्योग वाणिज्य महासंघ, मिलन मार्ग, टेकु ।
१३ श्री नेपाल उद्योग परिसंघ, मिलन मार्ग, टेकु ।